बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय रसुवा

"सम्वृद्धीको लागि वन"

प.सं.:२०८१/८२

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८१/०२/१८**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम *(ब.उ.शी.नं. ३२९००१०३४)* खर्च शिर्षक नं. ३११५७ **क्र.सं. ११.४.१७.२९४४ एक समूह एक उद्यम का लागि Green enterprises fund मार्फत हरित रोजगारी सृजना** कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले प्रचलित कानुन बमोजिम स्थापना भई समूहको आँफै वा निजीक्षेत्रको साझेदारीमा सञ्चालन गरिरहेका वा प्रचलित कानून बमोजिम स्थापना गर्ने उद्योगहरुको उत्पादन क्षमता अभिवृद्धि तथा विकास गर्न तपसिल बमोजिमका कृयाकलापहरु सञ्चलान भईरहेका उद्यमहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलका आवश्यक कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नहुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

८. यस अन्तरगत सञ्चालन गर्न सकिने कृयाकलापहरु
- जडिबुटीजन्य वन पैदावारहरुको संकलन, प्रशोधन तथा भण्डारण उद्योग स्थापना तथा सुदृढिकरण
- फर्निचर तथा स:मिल स्थापना तथा सुदृढिकरण
- काष्ठकला/बाँस र वेतमा आधारित उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण
- दुना/टपरी उद्योग स्थापना, पुर्वाधार निर्माण तथा प्रविधि हस्तान्तरण
- नेपाली हाते कागज (लोक्ता/अर्गेली बाट) निर्माण उद्योग स्थापना तथा प्रविधि हस्तान्तरण
- सुगन्धित (धसिङ्गरे) तेल उत्पादन गर्ने उद्योग स्थापना तथा सुदृढिकरण

९. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :
- समूह, सहकारी वन वन पैदावारमा आधारित उद्यम दर्ता/नविकरण र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी
- सामुदायिक वन, कबुलियती वनको हकमा समूह/समितिको निर्णय
- सम्बन्धित स्थानीय तहको सिफारिस
- PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी,
- सम्बन्धित सव डिभिज़न वन कार्यालयको सिफारिस
- कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव-पत्र सहितको निवेदन

१०.प्रस्ताव छनौट र कार्यान्वयन प्रकृया बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधी-२०८१ मा व्यवस्था भए बमोजिम हुनेछ ।

११.प्रस्ताव/निवेदन पेश गर्दा निवेदकको नाम, ठेगाना, सम्पर्क नम्बर र क्रियाकलापको नाम समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

१२.प्रस्ताव/निवेदन पेश गर्नु पर्ने अन्तिम मिति र समयः २०८२/०२/२५ गते कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

१३.प्रस्ताव/निवेदन पेश गर्ने निकाय : डिभिजन वन कार्यालय रसुवा, धुन्चे, रसुवा ।

१४.थप जानकारीको लागि : डि.व.का. रसुवामा सम्पर्क गर्न सकिनेछ ।
(सम्पर्क नं. ९८५१४१००१५, ९८४२६१६४३३, ९८४५२८६६४४)

शम्भु तामाङ
डिभिजनल वन अधिकृत

फोन नं: ०१०५४०१०७, वेबसाईट :www.dforasuwa.gov.np ईमेल: rasdfo2076@gmail.com, rasdfo.mofe@bagamati.gov.np